पाँचखपन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वाना, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

आर्थिक वर्ष: २०८१/०८२
सूचना नम्बर: ३१

## घर भाडा प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

प्रकाशित मिति:२०८१/११/२१

यस कार्यालय प्रयोजनको लागि देहाय बमोजिमको घर भाडामा लिनु पर्ने भएको हुँदा इच्छुक घर धनीहरुले मिति २०८१/११/२८ भित्र भाडामा उपलब्ध गराउने घरको देहाय बमोजिम विवरण सहित यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल (सर्त/बन्देज):

१. भाडामा उपलब्ध गराउने घर यस नगरपालिका वडा नं. ६ वाना बजार आसपास हुनु पर्नेछ ।
२. भाडामा उपलब्ध गराउने घरमा सडकको पहुँच, विद्युत्, खानेपानी र शौचालयको प्रवन्ध भएको हुनु पर्नेछ ।
३. भाडामा उपलब्ध गराउने घर पक्की हुनु पर्नेछ र एउटै तलोमा कम्तीमा ३ देखि बढीमा ५ कोठा (छुट्टै फ्ल्याट सिस्टमले प्रयोग गर्न मिल्ने) भएको हुनुपर्नेछ ।
४. घर भाडामा उपलब्ध गराउने घर धनीले घर भएको जग्गाको कि.नं. र क्षेत्रफल एवं भाडामा उपलब्ध गराउने घरको कोठा सङ्ख्या र मासिक भाडा दर (नियमानुसार लाग्ने कर सहित/कर बाहेक) समेत स्पष्ट उल्लेख गरी प्रस्ताव साथ घर धनीको नागरिकताको फोटोकपी र घर रहेको जग्गाको जग्गा धनी पुर्जाको फोटोकपी समेत संलग्न राखि कार्यालयले तोकेको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ ।प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
५. घर भाडा भुक्तानीको सर्त र कर कट्टीको विषय लगायत अन्य कुरा प्रस्ताव छनोट भए पश्चात कानुन बमोजिम यस कार्यालय र घर धनीको समझदारीमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका